**बर्दघाट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**(बर्दघाट सुस्ता पश्चिम) नवलपरासी ।**
**५ नं प्रदेश, नेपाल**

प.सं: २०७५।७६
च.नं. ५६१

मितिः ०७५।७।१२

---

## बर्दघाट नगरपालिका अन्तरगत लोकमार्गको दाँया वाँयाको घरको रङ्गमा एकरूपता ल्याउने सम्बन्धमा यस क्षेत्रका घरधनीहरूलाई अत्यन्त जरुरी सूचना !

यस नगरपालिकाको तेश्रो नगरसभाबाट पूर्व –पश्चिम लोकमार्गका दाँया वाँयाका घरहरूको रङ्गमा एकरूपता कायम गरी फरक पहिचान स्थापित गर्न सरोकारवालाहरूको सहभागितामा आवश्यक व्यवस्था गर्ने सम्बन्धमा नीतिगत निर्णय भई यसको कार्यान्वयनमा आवश्यक वजेट समेत विनियोजन भएको छ । यस सम्बन्धमा विभिन्न मितिमा यस क्षेत्रका वजार विकास समिति, टोल विकास संस्था, उद्योग वाणिज्य संघका प्रतिनीधि समेतको समन्वयात्मक वैठकबाट भएको सिफारिस बमोजिम यस नगरपालिका प्रदेश नं ५ को प्रवेशद्वार भएको जुन प्रदेश शान्तिका अग्रदुत भगवान गौतम वुद्धको जन्मस्थलको रूपमा समेत रहेको हुँदा पँहेलो (turmeric) कलर गौतम वुद्धले पहिरिने वस्त्रको रङ्ग संग सम्बन्धित रहेकोले प्रदेशकै प्रवेश विन्दु यस नगरलाई शान्तिपूर्ण नगरको रूपमा पहिचान स्थापित गर्न समेत उक्त रङ्गले सहयोग पुर्‍याउने हुँदा नगरकार्यपालिकाको वैठकबाट घरको मूख्य भागमा turmeric (पँहेलो) कलर, वोर्डरमा white ( सेतो) कलर तथा झ्याल तथा ढोकामा चकलेटी (Wooden Brown) कलर छनौट गर्ने निर्णय भैसकेको छ ।

अतः यस लोक मार्गको दाँया वाँयको सम्पूर्ण निजी घर धनी, सरकारी तथा गैरसरकारी सँस्था, निजी तथा सामुदायिक क्षेत्रका सँगठित सँस्था तथा अब उप्रान्त त्यस क्षेत्रमा निर्माण हुने घरमा नगरकार्यपालिकाको वैठकबाट निर्णय भएअनुसारको रङ्ग लगाई घरमा एकरूपता कायम गर्न कानुनतः अनिवार्य भैसकेको अवस्था छ । साथै सो कार्यमा खर्च गर्ने गरी नगरसभाबाट विनियोजन भएको सहुलियत पूर्ण २५ प्रतिशत अनुदान रकम प्राप्त गर्न ईच्छुक एवम योग्य घरधनीहरूले १५ दिन भित्र कार्यालयको सम्बन्धित शाखामा उपस्थित भै सम्झौता गर्नुहुन यो सार्वजनिक सूचना जारी गरिएको छ ।

(चिरञ्जीवी गिरी)
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत